## धार्मिक तथा पर्यटकीय स्थलहरूको चिनारी :

डडेल्धुरा जिल्लाको अलिताल गाँउपालिकामा प्रचुर पर्यटकीय सम्भावना बोकेका आकर्षक र मनमोहक पर्यटकीय स्थलहरू छन। दक्षिण तर्फ चुरे र उत्तरी भूभागमा महाभारत पर्वत श्रृंखलाको काखमा अवस्थित अलिताल गाँउपालिका प्राकृतिक श्रोतसाधन र सौन्दर्यले भरिपुर्ण छ।

प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक तथा पुरात्वातिक महत्वका प्रचुर पर्यटकीय सम्भावना बोकेका आकर्षक र मनमोहक पर्यटकीयस्थलहरूसँगै भौगोलिक, जैविक, जातीय र सांस्कृतिक विविधता अलिताल गाँउपालिकाको पर्यटन प्रबर्द्धनका लागि प्रमुख आधार हुन। अलिताल गाँउपालिकामा रहेका बिभिन्न धार्मिकस्थलहरूमा धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिएमा आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने देखिएको छ।

बि.सं. २०७४ सालमा स्थानीय तहको निर्वाचन सम्पन्न भई जन निर्वाचित प्रतिनिधीहरूले काम गर्नथालेसँगै अलिताल गाँउ कार्यपालिकाले स्थानीयस्तरमा रहेका सम्भाव्य पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण, सम्वर्द्धन र विकास मार्फत पर्यटन प्रवर्द्धन गर्ने योजनावद्ध प्रयासको थालनी गरेको छ। अलिताल गाँउपालिकाका बासिन्दाहरूको आर्थिक विकास र सम्वृद्धीका लागि कृषि र पर्यटन क्षेत्रको विकासलाई गाँउकार्यपालिकाले प्राथमिकतामा राखेको छ। अलिताल गाँउपालिकामा रहेका सम्भाव्य धार्मिक तथा मनोरम पर्यटकीय स्थलहरूको संक्षिप्त जानकारी यँहा प्रस्तुत गरिएको छ।

### अलिताल:



गहिराई र क्षेत्रफलका हिसाबले सम्भवत: प्रदेश नं. ७ कै ठुलो र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण र प्रचुर सम्भावना बोकेको प्राकृतिक सौन्दर्यले भरिपुर्ण यो ताल अलिताल गाँउपालिकाको वार्ड नं ३ मा समुद्री सतहबाट करिब ८०० मिटर उचाइमा महाभारत पर्वत शृंखलाको फेदमा रहेको छ। निकै सुन्दर र मनमोहक यस ताललाई चारैतिर हरियाली वन र डाँडाले घेरेको छ। अलितालकै नामबाट यस गाँउपालिकाको नामाकरण गरिएको हो। ४०० मिटर लम्बाइ तथा करिब २०० मिटर चौडाई रहेको अलिताल धार्मिक दृष्टिकोणले पनि निकै महत्वपूर्ण मानिन्छ। अलितालको धार्मिक महत्व र महिमाका बारेमा धार्मिक ग्रन्थहरूमा पनि बर्णन गरेको पाइन्छ भने तालको उत्पत्तीका बारेमा बिभिन्न किंवदन्तीहरू सुन्न पाइन्छ।

किंवदन्ती अनुसार परापुर्वकालमा हाल ताल रहेको स्थानमा खेत थियो। खेतमा रोपाई हुने अघिल्लो दिन एक महिलाले खेतमा रोपाईगर्दा अनिष्ट हुने सपनामा देखिन। उनले सपनाको कुरा सबै गाँउलेलाई बताए पनि कसैले विश्वास नगरि धमाधम रोपाई गर्न थाले। अविरल बर्षाका बीच रोपाई गरिरहेकै बेला विशाल रँगो र नाग प्रकट भएको र खेतको आलीमा पानी भरिएर सबै खेतला सहित बस्ती बगाएपछि ताल बनेको हो। खेतको आलीबाट विशाल ताल बनेकाले तालको नाम अलिताल रहन गएको जनविश्वास छ। धार्मिक महत्वको अलितालमा पुगेर श्रद्धाले दर्शन गरेमा मनले चिताएको पुग्ने धार्मिक मान्यता छ। अलिताल नजिकै रहेका मन्दिरहरूमा श्रद्धालुहरू पुग्ने गर्दछन।

अलितालमा पर्यटन प्रवर्द्धनका लागि गाँउपालिकाले चालु आर्थिक बर्षमा पर्यटन सडक निर्माण गरिरहेको छ भने राष्ट्रपति चुरे तराई मधेस विकास समिति मार्फत ताल क्षेत्रमा भौतिक पुर्वाधार विकासका काम सम्पन्न भएका छन।

### मगर संस्कृति र मारुनी नाच



अलिताल गाँउपालिकाको वडा नं. ८ मा अवस्थित आदिबासी मगर समुदायको बस्ती डोला गाँउ मगर समुदायको मौलिक कला संस्कृति र विशिष्ट रहनसहन, भेषभुषा र रितिरिवाजका कारण पर्यटकीय गन्तव्य बन्न सक्ने प्रचुर सम्भावना देखिन्छ। डोला जस्तै मगर समुदायको बाहुल्यता रहेका अन्य थुप्रै बस्तीहरूमा शुभकार्यका बेला नाचिने प्राचीन मारुनी नृत्यसहित परम्परागत मगर कला र संस्कृतीले बाह्य र आन्तरिक पर्यटकहरू आकर्षण गर्न सक्ने मगर समुदायका अगुवाहरूको धारणा छ।

नेपालमा ग्रामीण पर्यटनको सुरुवात भईरहेकाले ग्रामीण क्षेत्रमा आउने पर्यटकहरूका लागि होमस्टे सञ्चालन गर्ने तयारी अलिताल गाँउपालिकाको छ। डोलाजस्तै मगर समुदायको बाहुल्यता रहेका अन्य बस्तीहरूमा होमस्टे सेवा सञ्चालनमा ल्याउन सकिएमा पर्यटन पर्वर्द्धनमा टेवा पुग्ने छ।

### श्यालचौडी महादेव मन्दिर



अलिताल गाँउपालिकाको वार्ड नं. ८ स्थित भगवान शिवको अवतार मानिने स्यालचौडी महादेवको मन्दिर यस क्षेत्रकै धार्मिक आस्थाको केन्द्र मानिन्छ। यस क्षेत्रका हरेक देवी देउताको देउरो हिन्दु धर्मावलम्बीहरूका चार धाममध्ये एक मानिने परशुरामधाम जाँदा श्यालचौडी महादेवको दर्शन गरेर एक दिन मन्दिरमा बास बस्ने परम्परा छ। श्रद्धालु भक्तजनका हरेक मनोकामना पुरा गर्ने शक्तिशाली स्यालचौडी महादेवको मन्दिरमा शिवरात्रीको दिन ठुलो मेला लाग्ने गर्दछ। शुद्ध मनले श्यालचौडी महादेवको पुजाअर्चना र दर्शन गरेमा मनोकामना पुरा हुने धार्मिक विश्वास छ।

### जिमदार बाबाको मन्दिर



अलिताल गाँउपालिकाको वार्ड नं. ४ जालटुँडा नजिकै प्रशिद्ध मसानी देवता जिमदार बाबाको मन्दिर छ। शक्तिशाली मानिने जिमदार बाबाको दर्शन गर्न प्रदेश नं. ७ का बिभिन्न जिल्लाका मानिसहरू यँहा पुग्दछन। आफुले चिताएको वर प्राप्त हुने भएकाले जिमदार बाबाको दर्शन गरेर भाकल गर्नेहरू कालो बोका चढाउँछन। स्थानीयले धार्मिक वनका रुपमा मन्दिर क्षेत्र वरीपरीको वनक्षेत्र व्यवस्थापन गरेका छन भने मन्दिर नजिकै पानीको मुहान छ। मन्दिरमा पुग्न सहज होस भनेर अलिताल गाँउपालिका वडा नं. ४ को कार्यलयले बिशाल सिँढी निर्माण गरेको छ। निकट भविष्यमा पानीको मुहान रहेको क्षेत्रमा कलात्मक २२ ढुँगेधारा निर्माण गर्ने योजना वडा कार्यालयले बनाएको छ।

### सहिद भिमदत्तको सहादतस्थल गल्लेक



अलिताल गाँउपालिकाको वडा नं २ गल्लेकमा अमरसहिद भिमदत्त पन्तले सहादत प्राप्त गरेको ऐतिहासिकस्थल रहेको छ। डडेल्धुरा जिल्ला अमरगढी नगरपालिकाको कारीगाउँमा विसं १९८३ मंसिर १० गते जन्मनु भएका किसान नेता पन्तले सामन्ती राज्य व्यवस्था बिरुद्ध शोषित पीडित जनताको मुक्तीका लागि शसस्त्र संघर्षको नेतृत्व गरेका थिए।

"कि त जोत हलो, कि त छोड थलो, यदि होइन भने अब छैन भलो" भन्ने नारासहित किसान, गरिब र निमुखाहरूलाई संगठित बनाएर सुदुरपश्चिम क्षेत्रका बिभिन्न स्थानमा ठालुले बिपन्न समुदायको शोषण गर्न बनाएका जाली तमसुक च्याल्ने, गरिबलाई नुन बाड्ने, अन्यायमा परेकालाई न्याय दिलाउने एवं समाजमा व्याप्त जातीय र लैगिंक विभेदको अन्त्य र किसानको हितका लागि शशस्त्र आन्दोलनको शुरुवात गरेका पन्तले २००७ साल पौष २६ गते डडेल्धुरालाई मुक्तिसेना मार्फत कब्जामा लिएर आफुलाई गभर्नर घोषणा गरेका थिए। मुक्तीसेनाद्वारा कञ्चनपुरको बेलौरी कब्जा गरेर कैलालीको धनगढी कब्जा गर्न खोज्दा तत्कालिन सरकारले भारतीय सेनासमेतको सहयोगमा गरिएको घेराबन्दी तोडेर सहजपुर हुँदै गल्लेक पुगेका सहिद पन्तलाई २०१० साल साउन १७ गते गल्लेकमा खाना पकाउदै गर्दा गोली हानीएको थियो। गाली लागि छटपटाईरहेका बेला उनको टाउको काटेर डडेल्धुरा सदरमुकाम ल्याई बडाहाकिमलाई बुझाईएको थियो। काटेको टाउको बाँसको टुप्पोमा झुण्ड्याएर "राजद्रोहीलाई यस्तै हुन्छ", भन्दै तीन दिन सम्म प्रदर्शन गरिएको थियो। गरिब, किसान र निमुखा जनताको लागि प्राणको आहुती दिने अमर सहिद पन्तले सहादत प्राप्त गरेको गल्लेक पर्यटकहरूको आकर्षक गन्तब्य बन्न सक्ने प्रचुर सम्भावना छ।

### मणेल्ला समैजी मन्दिर



अलिताल गाँउपालिका वडा नं ५ मा रहेको मणेल्ला खोलाको किनारमा अवस्थित मणेल्ला समैजी मन्दिर धार्मिक दृष्टिकोणले महत्वपूर्ण पर्यटकीय स्थल हो। शक्तिशाली समैजी देवताले मनोकामना पुरा गराउने जनविश्वासका कारण टाढाटाढाबाट दर्शनार्थीहरू आउने गर्दछन। कार्तिक शुक्लपक्ष षष्ठी तिथीका दिन भब्य मेला लाग्ने मणेल्ला समैजी मन्दिरमा मेला भर्न प्रदेश ७ का बिभिन्न जिल्लाहरूका साथै भारतबाट समेत श्रद्धालुहरूको घुइँचो लाग्ने गर्छ।